# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल


मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

अनुषा कोइराला
प्रमुख प्रशासकीय अधिकृत

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०५/०१

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ६२ क. र मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी एवं क्रसर उद्योग आसपास क्षेत्रमा हाल मौज्दात रहेका नदीजन्य पदार्थहरु मेलम्ची नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०८३/०८४ को सम्झौता अवधि देखि २०८४ असार मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**ठेक्का विवरण**

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | प्रति घ.फि. दर रु. | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर बाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | MMSI/2083-84/01 | मेलम्ची नगरपालिका क्षेत्र भित्रको IEE प्रतिवेदनले निर्धारण गरेको ईन्द्रावती, मेलम्ची, सिन्धुखोला, ढाँडखोला नदी क्षेत्रबाट ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा एवं हाल मौज्दात रहेका नदीजन्य पदार्थ बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक)। | ४,२४,८२,८७८.८८ (चार करोड चौबिस लाख बयासी हजार आठ सय अठहत्तर दशमलव अठासी मात्र) | ७ (सात) | २९,७३,८०,१५२।१६ (अक्षरुपी उनन्तिस करोड त्रिहत्तर लाख असी हजार एक सय बाउन्न रुपैयाँ पैसा सोह्र मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १५० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) |

**ठेक्का सम्बन्धी शर्तहरु**

१. फर्मको हकमा फर्म नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी मिति २०८३/०५/२२ गते दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२.बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। जुन बोलपत्रदाताले बढी अङ्क कबोल गरेको छ, सोही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ। आफुले कबोल गरेको अङ्को ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. शाखा कार्यालय मेलम्चीमा रहेको धरौटी खाता नं. १६८०३००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १५० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ।



फोन नं.: +977-011-401089, 011-401141, 011-401142 ईमेल: info@melamchimun.gov.np वेबसाईट: www.melamchimun.gov.np

३.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइनेछैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन मिति २०८३/०५/२२ गते दिनको १:०० बजे कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै, बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४.प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन दिनको १:०० बजे मेलम्ची नगरपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हँसिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

५.बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६.बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्कको प्रथम किस्ता वापत २५ प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता बापत ४० प्रतिशतले हुने रकम र तेस्रो किस्ता बापत ३५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको मू.अ.कर सहितको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै, बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मू.अ.कर रकम समेत यस कार्यालयमा किस्ताको समयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्यकर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

तपसिल

| किस्ता विवरण | किस्ता बुझाउने मिति | किस्ता रकम रु. |
|---|---|---|
| प्रथम किस्ता | ठेक्का स्वीकृत भई ठेक्का सम्झौता हुँदाको बखत | कूल कबोल अंङ्कको २५ % ले हुन आउने रकम |
| दोश्रो किस्ता | २०८३ साल पौष मसान्तसम्म | कूल कबोल अंङ्कको ४० % ले हुन आउने रकम |
| अन्तिम किस्ता | २०८४ साल असार १५ गतेसम्म | कूल कबोल अंङ्कको बाँकी ३५ % रकम |

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, मेलम्ची नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचिलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

८.ठेक्का अवधि ठेक्का सम्झौता भएको मिति देखि २०८४ असार मसान्तसम्म कायम रहनेछ।

९.ठेक्का सम्झौता भए पछि कुनै पनि किसिमको बन्द, हड्ताल, महामारी, बाढी पहिरो आदिको कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाइनेछैन। साथै, IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गर्न पाइनेछैन।

१०. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकी निर्धारित स्थानबाट मात्र उत्खनन् तथा बिक्री वितरण गर्नुपर्नेछ।

११. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरुको उत्खनन् संकलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा जिल्ला अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

१२. ठेक्का सम्झौतामा उल्लिखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण कार्य मध्यवर्ती क्षेत्र, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइनेछैन ।

१३. नेपाल सरकार वा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरिएको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

१४. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१५. बिक्री मूल्य वा शुल्क असूल गर्नुपर्ने दररेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ्ग बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

१६. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवाद्को समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

१७. तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा मेलम्ची नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको प्रचलित कानून बमोजिमको ब्याज समेत ठेकेदारबाट नगरपालिकाले असूल गर्नेछ ।

१८. नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुन: अर्को स्थानीय तहबाट कर लगाउन पाइनेछैन ।

१९. प्रचलित ऐन, नियम बमोजिम ठेक्कको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

२०. उत्खनन्, संकलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ र शुन्य गर्न नसकेको परिमाण नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

२१. सामान्य निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२२. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाइनेछैन ।

२३. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाइएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिइनेछैन ।

२४. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैंले मर्मत गर्नुपर्नेछ । सो बापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाइनेछैन ।

२५. उत्खनन् गर्दा नजिक रहेको सडक, वन तथा खोलानालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्नेछ ।

२६. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माणस्थलबाट दुबै तर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाइनेछैन ।

२७. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गा धनीको मञ्जुरीनामा लिनुपर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसंग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नुपर्नेछ।

२८. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि सम्झौता अवधिसम्म विहान ६:०० बजे देखि बेलुका ६:०० बजेसम्म मात्र उत्खनन् एवं संकलन अवधि हुनेछ ।

२९. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमा भित्र रही मात्र प्रयोग गर्नुपर्नेछ ।

३०. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली माल वस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो माल वस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएता पनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३१. उत्खनन् पश्चात काम नलाग्ने भनि छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

३२. साधारण निर्वाहमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कता साथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३३. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै, कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३४. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री गर्नुपर्नेछ ।

३५. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

३६. मेलम्ची नगरपालिका भित्रका नदीबाट ढुंगा, गिट्टी, बालुवा, निकाली बिक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पुलको तल र माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री गर्न कानूनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ । ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्शांकन् गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न पाईनेछ ।

३७. स्वीकृत नदीक्षेत्रबाट उत्खनन् गरिएको नदीजन्य पदार्थको परिमाणको अभिलेख राखी सोको विवरण मेलम्ची नगरपालिकामा पेश गर्नुपर्नेछ ।

३८. ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गरिएको सार्वजनिक जग्गाको बहाल बिटौरी शुल्क सम्बन्धित ठेकेदारले नगरपालिकामा छुट्टै दाखिला गर्नुपर्नेछ ।

३९. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा जिल्ला अनुगमन समिति, स्थानीय अनुगमन समिति र मेलम्ची नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

४०. नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन समेत) र सो सम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

४१. ठेक्का सकार गर्ने फर्मले ठेक्का बापत सम्झौता बमोजिमको रकम सम्झौताको समयमा नै बुझाउनु पर्नेछ ।

४२. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

४३. बोल कोबल गरिएको कूल अङ्कमा आ.व. २०८२/०८३ को मौज्दात नाँपजाँच गरिएको मिति २०८३/०४/१४ गते देखि ठेक्का सम्झौता हुने समयसम्म कार्यालयबाट अमानतमा संकलन गरिएको राजस्व रकम र परिमाण घटाई बाँकी हुन आउने परिमाण र अङ्कमा ठेक्का सम्झौता गरिनेछ । साथै, उक्त अवधिमा लागेको प्रशासनिक खर्च सम्बन्धित ठेक्का कबोल गर्ने पक्षले बेहोर्नुपर्नेछ ।

४४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मेलम्ची, सिन्धुपाल्चोक
## बागमती प्रदेश, नेपाल

आय ठेक्का नं. :- MMSI/2083-84/01

**आय ठेक्का शिर्षक** :– मेलम्ची नगरपालिका क्षेत्र भित्रको IEE प्रतिवेदनले निर्धारण गरेको ईन्द्रावती, मेलम्ची, सिन्धुखोला, ढाँडखोला नदी क्षेत्रबाट ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा एवं हाल मौज्दात रहेका नदीजन्य पदार्थ बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक)

## बोलपत्र फाराम

मिति :

मेलम्ची नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल ।

विषय : बोलपत्र पेश गरेको बारे ।

तहाँ कार्यालयको मिति ..............................को बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार म्यादभित्र तोकिए बमोजिमको फाराममा बोल अङ्क खुलाई देहायको कामको बोलपत्र पेश गरेको छु । बोल अङ्कको ५% धरौटी बापतको रकम मेलम्ची नगर कार्यपालिका कार्यालयको नेपाल बैंक लिमिटेड, मेलम्ची स्थित धरौटी खाता नं. १६८०३००००३००००००००१ मा काम सम्पन्न भए पछि वा ठेक्का अस्वीकृत भए पछि फिर्ता पाउने गरी ..........................................................बैंक लि. ...............................................को मिति .................................................................सम्म म्याद भएको .............................................को सक्कलै बैंक भौचर/बीड बण्ड यसैसाथ संलग्न राखी तपशिल बमोजिमको ठेक्का विवरण उल्लेख गरी पेश गरेको छु ।

संलग्न कागजातहरु :–

१.........................................................
२.........................................................
३.........................................................
४.........................................................
५.........................................................

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

अनुणा कोइराला
प्रमुख प्रशासकीय अधिकृत

## ठेक्का विवरण

सूचनामा उल्लिखित न्यूनतम रकम (मू.अ.कर बाहेक ) रु. २९,७३,८०,१५२।१६ (अक्षरुपी उनन्तिस करोड त्रिहत्तर लाख असी हजार एक सय बाउन्न रुपैयाँ सोह्र पैसा मात्र )

| ठेक्का विवरण | कबोल गरिएको बिक्री रकम रु. (मू.अ.कर बाहेक ) | |
|---|---|---|
| | अङ्कमा | अक्षरमा |
| मेलम्ची नगरपालिका क्षेत्र भित्रको IEE प्रतिवेदनले निर्धारण गरेको ईन्द्रावती, मेलम्ची, सिन्धुखोला, ढाँडखोला नदी क्षेत्रबाट ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा एवं हाल मौज्दात रहेका नदीजन्य पदार्थ बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | | |

निवेदक

नाम, थर :

दस्तखत :

फर्म वा कम्पनीको नाम :

ठेगाना :

छाप :